मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २८ ◆ अङ्क : ८८ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७९ फागुन २ गते मंगलबार (Tuesday, February 14. 2023) नेपाल सम्वत् ११४२ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

प्रहरीको गाडीमा आगजनी

झापा, फागुन १। काठमाडौंको बालाजु क्षेत्रमा प्रहरी र यातायात मजदुरबीच झडप भएको छ। झडपमा केही यातायात मजदुर र प्रहरी घाइते भएका छन्।

आक्रोशित बनेका यातायात मजदुरहरूले माछापोखरीमा प्रहरीको गाडीमा आगजनी गरेका छन्। आगजनीबाट प्रहरीको गाडी क्षतिग्रस्त बनेको छ। आन्दोलनमा उत्रिएका यातायात मजदुरले आज मंगलवारदेखि अनिश्चितकालका लागि काठमाडौं उपत्यकाभित्र सार्वजनिक यातायात बन्दको घोषणा गरेका छन्।

गंगबुस्थित नयाँ बसपार्कको ठेकेदार कम्पनी लोत्से बहुउद्देश्यीय प्रालिका महाप्रबन्धक सुनील कुँवरलगायतले

(बाँकी अन्तिम पृष्ठमा)

अवैध धनलाई वैध बनाउने बाटो नखोल्न ध्यानाकर्षण

काठमाडौं, फागुन १। नेपाल सरकारले २०७९ माघ २७ गते संसद् सचिवालयमा 'सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्न बनेको विधेयक' दर्ता गराएकामा ट्रान्सपरेन्सी इन्टरनेशनल (टिआई) नेपालले ध्यानाकर्षण भएको जनाएको छ।

'सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण ऐन २०६४' को मूल उद्देश्य नै अपराधजन्य कार्यबाट प्राप्त सम्पत्ति शुद्धीकरणको निवारण भएकाले ऐनको मूल मर्म र उद्देश्य प्रतिकूल हुने गरी 'स्रोत नखुलेको सम्पत्तिमा कर तिरेमा स्वत: वैधता प्रदान गरिने अर्थात् अवैध तरीकाले आर्जित धनलाई स्वत: वैध तुल्याइने बाटो' प्रस्तावित संशोधन विधेयकले नखोलोस् भन्नेतर्फ सजग रहन टिआई नेपालले नवनिर्वाचित सांसद र संसद्को ध्यानाकर्षण गराएको अध्यक्ष पद्मिनी प्रधानाङ्गले सोमवार जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

नेपाल भ्रष्टाचारविरुद्ध अन्तर्राष्ट्रिय महासन्धिको पक्षराष्ट्र भएकाले अवैध तरिकाले आर्जित धनलाई

कुनै पनि बहानामा वैध तुल्याउने बाटो खोल्नु महासन्धिको प्रतिकूल हुने टिआई नेपालको ठहर छ। अदालतले सम्पत्ति शुद्धीकरण मूल कसूरको सह उत्पादन भएको र मूल कसुर लुकाएर आर्जित सम्पत्ति वैध देखाउन गरिने कार्यलाई अपराधको कोटीमा राख्ने नजिर कायम गरिसकेकाले त्यसलाई बेवास्ता गर्नु कानूनी राज्यको अवधारणा प्रतिकूल हुन जाने टीआई नेपालले जनाएको छ।

यसैबीच रंगेली नगरपालिका-७ रंगेली बजारबाट स्रोत नखुलेको नगद ४ लाख १२ हजार ८ सय ५५ रूपैयाँसहित सोही नगरपालिका-४ चोप्राह बस्ने ४१ वर्षीय भवानी शंकर साहसमेत २ जनालाई आइतबार साँझ प्रहरीले पक्राउ गरेको छ।

इलाका प्रहरी कार्यालय रंगेलीबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त नगदसहित फेला पारी पक्राउ गरेको हो। साथै उनीहरूको साथबाट बैंकको चेक २ थान, विभिन्न बैंकमा पैसा जम्मा गरेका भौचरहरू, मोबाइल ३ थान र उनीहरू सवार को.३९ प १६९१ नम्बरको मोटरसाइकलसमेत प्रहरीले बरामद गरेको छ।

उता पर्सा वीरगञ्ज महानगरपालिका-१६ रजतजयन्ती चोकबाट स्रोत नखुलेको नगद ८ लाख २० हजार रूपैयाँसहित सोही महानगरपालिका ईनर्वागाउँ बस्ने २५ वर्षीय ओमकुमार साहलाई प्रहरीले पक्राउ गरेको छ।

वडा प्रहरी कार्यालय बिर्ताबाट खटिएको प्रहरीले रक्सौलबाट वीरगञ्जतर्फ आउँदै गरेको ना.३५ प ८४३४ नम्बरको मोटरसाइकललाई जाँच गर्ने क्रममा चालक साहले लगाएको हेल्मेटभित्र लुकाइछिपाइ ल्याएको उक्त नगद फेला पारी पक्राउ गरेको हो।

बिमा दाबी गर्न आफैं गाडीमा आगजनी गर्दा...

काठमाडौं, फागुन १। बिमा दाबी गर्ने मनासयले आफैं लु.२ ख २०८४ नम्बरको फोर्स गाडीमा आगजनी गरेको अभियोगमा गाडीका चालक बर्दिया मधुबन-२ गंगापटुवा बस्ने रामु चौधरीलाई प्रहरीले पक्राउ गरेको छ।

मधुबन नगरपालिका-४ बसन्तास्थित माचड चोकदेखि भुरिगाउँ जोड्ने पक्की सडकमा आइतवार राति उक्त गाडीमा आगलागी भई पूर्ण रूपमा जलेर नष्ट भएको थियो। इलाका प्रहरी कार्यालय ढोढरीबाट खटिएको प्रहरीले घटनाको अनुसन्धान गर्ने क्रममा उक्त गाडीका चालक चौधरीलाई नियन्त्रणमा लिई सोधपुछ गर्दा उनको संलग्नता रहेको खुल्न आएको हो।

माघ २० गते उक्त गाडी बिग्रिएकोले मर्मतको लागि ग्यारेजमा लगेको र मर्मत गर्न बढी रकम लाग्ने हुँदा चौधरीले बिमा दाबी गर्ने मनसायले गाडीलाई आइतबार राति उक्त स्थानमा लगेर डिजल छर्की आगो लगाएको प्रारम्भिक अनुसन्धानको क्रममा खुल्न आएको छ।

अग्निपीडितलाई घर हस्तान्तरण

झापा, फागुन १। झापाको शिवसताक्षी नगरपालिका वडा नं १ धरमपुरका अग्निपीडित अम्बर नेम्वाङको घर निर्माण गरेर हस्तान्तरण गरिएको छ।

राष्ट्रिय युवा संघ शिवसताक्षी-१ वडा कमिटी र खेलकुद महासंघ नगर कमिटीले रु. पाँच लाखभन्दा बढीको लागतमा तीन कोठाको घर निर्माण गरी हस्तान्तरण गरेको हो। नवनिर्मित घरमा सोमवार एक कार्यक्रमको आयोजना गरी घर हस्तान्तरण गरिएको निर्माण समितिले जनाएको छ।

नवनिर्मित घर संघीय सांसद एलपी साँवा लिम्बू, शिवसताक्षी नगरप्रमुख मेगाहाङ थोपा र शिवसताक्षी-१ का वडाध्यक्ष लक्ष्मीप्रसाद चेम्जोङले हस्तान्तरण गरेका थिए। गतजेठ १९ गते नेम्वाङको घरमा आगलागी भएर धनमालसहित नष्ट भएको थियो।

घर हस्तान्तरणसँगै निर्माण समितिले आयव्यय पनि सार्वजनिक गरेको छ। समितिले विभिन्न दाताबाट सङ्कलित रकम रु. पाँच लाख २४ हजार चार सय २३ को लागतमा उक्त घर निर्माण गरेको जनाएको छ। त्यसमा सांसद साँवाले रु. ५१ हजार, नगरपालिकाबाट रु. एक लाख सहयोग प्राप्त भएको खर्च विवरणमा उल्लेख छ।

त्यस्तै नेकपा (एमाले) वडा नं. १ कमिटीबाट रु. ४८ हजार सात सय २५, खेलकुद महासंघबाट रु. २५ हजार, प्रवासी मलेशियन समूहबाट रु. २१ हजार दुई सय ८५ सहयोग भएको जनाइएको छ। घर निर्माणका लागि सहयागीले रु. ३२ हजार नौ सय ८० बराबरको जिन्सी सहयोग र रु. सात हजार तीन सय बराबरको श्रमदान रहेको निर्माण समितिका अध्यक्ष अरुण चेम्जोङले जानकारी दिए।

'सरकार ढाल्न षड्यन्त्र भइरहेको छ'

झापा, फागुन १। नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले सरकार ढाल्ने षडयन्त्र भइरहेको बताएका छन्।

पूर्व प्रधानमन्त्री समेत रहेका ओलीले देशमा काम गर्न नदिने र अरूलाई पनि गर्न नदिने तत्वहरू सक्रिय रहेको बताउँदै सरकार ढाल्न अनेक प्रकारका षड्यन्त्र भइरहेको बताए।

देशलाई अघि बढाउने र विकास पक्षधर शक्ति पनि सरकारमा भएकाले निराश हुनुपर्दैन- ओलीले भने। यो सरकारले जनभावना अनुसार काम गरेर देशका समस्या समाधान गर्ने अध्यक्ष ओलीले प्रष्ट पारे। आफ्नो निर्वाचन क्षेत्रमा शिक्षा, स्वास्थ्य, खानेपानी, तटबन्ध लगायतका समस्या समाधान गर्दै लैजाने ओलीले बताए। कृषिको आधुनिकीकरण, रोजगार

सिर्जनालगायतका विषयमा पनि आफ्नो ध्यान गएको उनले बताए।

आइतबार झापा आएका ओली अबेरसम्म विभिन्न कार्यक्रममा सहभागी भएका थिए। झापाको गौरादह -४ स्थित डोरामारी माविको नवनिर्मित भवनको उनले उद्घाटन गरेका थिए।

यसैगरी आफ्नै निर्वाचन क्षेत्रको कटकपुर-खयरबारी चाँदु खोलाको पुल उद्घाटन र एक धार्मिक कार्यक्रममा सहभागी भएको एमाले झापाका अध्यक्ष दीपक कार्कीले जानकारी दिए।

मरिच, मसला र नरिवल बरामद

मोरङ, फागुन १। मोरङको बिराटनगर महानगरपालिका-१५ बैङ्क रोडबाट अवैध रुपमा राखेको खाद्यान्नका सामग्रीहरु प्रहरीले बरामद गरेको छ।

जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरी टोलीले बिराटनगर-१५की सरिता मिश्राको डेरा कोठामा राजश्व छली गरी अवैध रूपमा लुकाइछिपाइ राखेको अवस्थामा मरिच ७ सय २० किलो ग्राम (२४ बोरा), मसला ३ सय ५० प्याकेट र नरिवल ३० किलो ग्राम बरामद गरेको हो।

बरामद गरिएका करिब ७ लाख ७० हजार ६ सय बराबरको अवैध खाद्य सामग्रीहरू र सरिता मिश्रा समेतलाई पक्राउ गरी आवश्यक कारवाहीको लागि राजश्व अनुसन्धान कार्यालय इटहरी सुनसरीमा बुझाएको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ।

बिर्तामोड महोत्सव: १५० स्टल बुकिङ

झापा, फागुन १। नेपाल उद्योग वाणिज्य महासंघका पूर्व अध्यक्ष तथा सार्क चेम्बरका उपाध्यक्ष चण्डीराज ढकालले बिर्तामोड अन्तर्राष्ट्रिय औद्योगिक व्यापार महोत्सवले उत्पादक र उपभोक्तालाई जोड्ने बताएका छन्।

बिर्तामोडमा सोमवार आयोजित पत्रकार सम्मेलनमा बोल्दै पूर्व अध्यक्ष ढकालले महोत्सवले प्रदेश १ मा उत्पादन हुने कृषिजन्य वस्तुहरुको प्रवर्द्धन गर्नुका साथै भारत, बंगलादेश र पाकिस्तानबाट आएका वस्तु सिधै नेपाली उपभोक्तासम्म पुग्ने सुनौलो अवसर भएको बताए।

महोत्सवले आन्तरिक तथा बाह्य पर्यटनको प्रर्वद्धन गर्नुका साथै आर्थिक गतिविधिलाई चलायमान बनाउन सहयोग पुग्ने विश्वास समेत व्यक्त गरे। बिर्तामोड उद्योग वाणिज्य संघले आयोजना गरेको महोत्सव सफल बनाउन सबै पक्ष एकजुट हुनुपर्ने उनको भनाइ छ।

बिर्तामोड अन्तर्राष्ट्रिय औद्योगिक व्यापार महोत्सव फगुन ५ देखि १५ गतेसम्म बिर्तामोड-२स्थित प्रभुराम चौक उत्तर खुल्ला मैदानमा सञ्चालन हुँदैछ। हालसम्म एक सय ५० वटा स्टल बुक भइसकेको महोत्सव आयोजक समितिले जनाएको छ। महोत्सवमा दुई सय स्टलहरु रहने बताइएको छ।

महोत्सवमा तीन लाख दर्शकले अवलोकन गर्ने अपेक्षा राखिएको छ भने झण्डै ४५ करोड रुपैयाँ बराबरको आर्थिक कारोवार हुने महोत्सव मूल आयोजक समितिका संयोजक राजु न्यौपानेले बताए। महोत्सवलाई चार भागमा विभाजन गरिएको छ। प्रदर्शनी तथा विक्री कक्ष, सांस्कृतिक तथा सांगीतिक क्षेत्र, वाल उद्यम तथा मनोरञ्जन क्षेत्र र खानपिन क्षेत्र छुट्याइएको महोत्सव मूल आयोजक समितिका सचिव कुशल खतिवडाले जानकारी दिए।

महोत्सवमा अन्तर्राष्ट्रिय औद्योगिक उपकरण, कृषि तथा जडिबुटी, पर्यटन, दैनिक उपभोग्यवस्तुहरु, हस्तकला तथा तयारी पोशाक, प्रदर्शनमा रहने बताइएको

छ। महोत्सवमा बंगलादेश, पाकिस्तान र भारतका व्यवसायीहरुको समेत सहभागिता रहने बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष प्रकाश शिवाकोटीले बताए। महोत्सवलाई सभ्य र भव्य बनाउन सबै तयारी गरिएको बताइएको छ।

प्रदेश १को कृषि, पर्यटन एवम् औद्योगिक दृष्टिकोणले समेत विकसित र सुगमस्थलका रुपमा रहेको बिर्तामोडमा शुरु हुन लागेको महोत्सवले कृषि र पर्यटनका साथै औद्योगिक क्षेत्रमा आर्थिक गतिविधिलाई चलायमान बनाउन सहयोग पुग्ने बिर्तामोड उद्योग वाणिज्य संघका महासचिव अर्जुनकुमार मैनालीले बताए।

महोत्सवको उद्घाटनमा सभामुख देवराज घिमिरेको प्रमुख आतिथ्य रहने बताइएको छ। महोत्सव स्थलको मुख्य प्रवेशद्वार तथा स्टलहरु जर्मन प्रविधिमा निर्माण गरिने भएको छ भने मुख्य प्रायोजकका रुपमा एनसेल एक्सिएटा लिमिटेड रहने जनाइएको छ। यस अघि २०७५ सालमा सञ्चालन भएको महोत्सवको सफलतासँगै यसपटक पनि बिर्तामोड उद्योग वाणिज्य संघले अन्तर्राष्ट्रिय औद्योगिक व्यापार महोत्सवको आयोजना गरेको हो।

पत्रकार सम्मेलनमा नेपाल उद्योग वाणिज्य महासंघका प्रदेश अध्यक्ष टीकाराज ढकाल, महासंघका केन्द्रीय सदस्य उमेश डालमिया, प्रायोजक एनसेलका प्रदेश प्रमुख प्रज्वल अधिकारी, महोत्सवका व्यवस्थापक ललित सिम्खडा सहित उद्योगी व्यवसायीहरुका प्रतिनिधिहरुको उपस्थिति रहेको थियो।

यसैबीच महोत्सव सञ्चालनमा सुरक्षा प्रवन्ध व्यवस्थित गर्ने सन्दर्भमा सोमवार साँझ सुरक्षा प्रमुखहरुसंग आयोजक समितिले अन्तरक्रिया गरेको छ। नेपाल प्रहरी र सशस्त्र प्रहरी उपरीक्षक समेतको उपस्थितिमा भएको छलफलमा सुरक्षाको प्रत्याभूति र ट्राफिक व्यवस्थापनमा सहयोग गर्न उद्योग वाणिज्य संघले आग्रह गरेको छ।

छलफलमा जिल्ला प्रहरी प्रमुख दुर्गाराज रेग्मी, सशस्त्र प्रहरी उपरीक्षक देवराज अर्याल, इलाका प्रहरी कार्यालय अनारमनीका प्रमुख सुरज कार्की, सशस्त्र प्रहरी वेस क्याम्प शनिश्चरेका प्रहरी नायव उपरीक्षक उदय न्यौपाने, जिल्ला ट्राफिक प्रहरी प्रमुख अशोक जवेगूसहित राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिहरुको समेत सहभागिता रहेको थियो।

हार्दिक बधाई

हाम्रा सहकर्मी तथा पूर्वाञ्चल दैनिकका समाचार संयोजक इलाम निवासी **नरेन्द्रकुमार ढकाल** बिर्तामोड-८ निवासी **कविता नेपाल**संग बैवाहिक बन्धनमा बाँधिनु भएकोमा उहाँहरुको सुखद् दम्पत्य जीवनको हार्दिक मंगलमय शुभकामनासहित बधाई ज्ञापन गर्दछौं।

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

पूर्वाञ्चल दैनिक

www.purwanchaldaily.com

बिर्तामोड, झापा

धर्मभक्तलाई ११ स्वर्ण

कमल, फागुन १। १३औं राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगितामा शहीद धर्मभक्त माध्यमिक विद्यालय ११ स्वर्णसहित प्रथम भएको छ।

त्यस्तै २०० र ८०० मिटरको दौडमा छात्र छात्रा दुवैतर्फ शहीद धर्मभक्त मावि प्रथम भएको छ। छात्रछात्रातर्फको १५ सय र ३ हजार मिटर दौडमा छात्रतर्फ शहीद धर्मभक्त मावि प्रथम भएको छ। छात्रतर्फको ४x४०० रीले, ज्याब्लिङ्ग थ्रो , ट्रिपल जम्प र छात्रछात्रा दुवैतर्फको सटपुटमा समेत शहीद धर्ममक्त मावि प्रथम भएको छ।

गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखाको आयोजनामा भएको प्रतियोगितामा ६ स्वर्णसहित मंगलमय माध्यमिक विद्यालय द्वितीय भएको छ भने ३ स्वर्णसहित वण्डरल्याण्ड अंग्रेजी माध्यमिक विद्यालय तृतीय भएको छ।

प्रतियोगितामा बिजेता विद्यार्थी र विद्यालय कमल गाउँपालिकाका अध्यक्ष हकुमसिंह राई, उपाध्यक्ष प्रमिला न्यौपाने र शिक्षा शाखा प्रमुख सूर्यप्रसाद न्यौपानेले शिल्ड, ट्रफी र प्रमाणपत्र प्रदान गरेका थिए।

प्रतियोगितामा समावेश गरिएका विभिन्न खेल अन्तर्गत छात्रा र छात्रको छुट्टाछुट्टै रुपमा भएका विभिन्न खेलमा छात्रतर्फको कवड्डीमा शहीद धर्मभक्त माविले प्रथम स्थान हासिल गरेको छ भने वण्डरल्याण्ड अंग्रेजी मावि द्वितीय भएको छ ।

त्यसैगरी छात्रतर्फको भलिवलमा मंगलमय मावि प्रथम भएको छ भने नरेन्द्र जनाता मावि द्वितीय भएको छ। प्रतियोगितामा सामुदायिकतर्फका १० वटा र संस्थागततर्फका १३ माध्यमिक विद्यालय गरी जम्मा २३ वटा विद्यालयमा अध्ययनरत् १८ वर्ष उमेरभन्दा मुनिका खेलाडी सहभागी रहेका थिए।

प्रतियोगिताबाट छनौट भएका खेलाडीले आगामी फागुन ९ गते कन्काई माविमा हुने जिल्ला स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड खेलकुद प्रतियोगिता सहभागी हुन पाउने मूल आयोजक समितिका सचिव मोहन बगालेले जानकारी दिए।

भद्रपुर झापा गोल्डकपको तालिका सार्वजनिक

भद्रपुर, फागुन १। प्रथम मुस्ताङ भद्रपुर झापा गोल्डकप २०७९ को खेल तालिका सार्वजनिक भएको छ।

यही फागुन ७ गतेदेखि हुने प्रतियोगिताका लागि आयोजक भद्रपुर झापा गोल्डकपले सोमबार खेल तालिका सार्वजनिक गरेको हो। एक संक्षिप्त कार्यक्रमकाबीच पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र आयोजक अध्यक्ष दीपेश ढकालले खेल हुने मेची रंगशाला भद्रपुरमा हुने संयुक्त रुपमा खेल तालिका सार्वजनिक गरे।

कार्यक्रममा अखिल नेपाल फुटबल संघका अध्यक्ष पंकजविक्रम नेम्वाङ, एशियाली फुटबल महासंघका विकास निर्देशक पुरुषोत्तम कट्टेल, राष्ट्रिय टिमका पूर्वकप्तान हरि खड्का, नेपाल उद्योग वाणिज्य महासंघका पूर्वअध्यक्ष चण्डीराज ढकाल, १ नम्बर प्रदेश अध्यक्ष टीकाराज ढकाल, सौर्य एयरलायन्सका अध्यक्ष दीपक पोखरेलको उपस्थिति रहेको थियो। आयोजकका अनुसार उद्घाटन खेल आयोजक भद्रपुर ब्लेजर्स र जयगाउँ फुटबल क्लब भारतबीच हुनेछ।

त्यस्तै, दोस्रो खेल फागुन ८ गते नेपाल पुलिस क्लबविरुद्ध चर्च ब्वाइज युनाइटेडले खेल्नेछ। पछिल्लो ए डिभिजन लिगमा पुलिस ११औं स्थान र चर्च ब्वाइज नवप्रवेशी टिम हो।

भद्रपुर झापा गोल्डकपको तेस्रो खेल फागुन ९ गते पहिलो खेलको विजेतासँग संकटा क्लबले प्रतिस्पर्धा गर्नेछ। लिगमा संकटा सातौं स्थानमा रहेको टोली हो। चौथो खेल फागुन १० गते दोस्रो दिनको बिजेतासँग मच्छिन्द्र फुटबल क्लबले खेल्नेछ। मच्छिन्द्र लिग च्याम्पियन टोली हो।

प्रतियोगिता अनुसार पाँचौं खेल फागुन ११ गते त्रिभुवन आर्मी फुटबल क्लबकाविरुद्ध भुटानको ड्रुक ल्हायुल फुटबल क्लबले खेल्नेछ। लिगमा आर्मी दोस्रो स्थानको टोली हो।

भद्रपुर झापा गोल्डकपमा छैटौं खेल फागुन १२ गते एपीएफ फुटबल क्लबले बंगलादेश ढाकाको काउवार्न बजार प्रगति संघ एफसीकाविरुद्ध प्रतिस्पर्धा गर्नेछ। लिगमा एपीएफ आठौं स्थानको टोली हो।

प्रतियोगिताको पहिलो सेमीफाइनल खेल फागुन १३ गते हुनेछ भने दोस्रो सेमीफाइनल खेल फागुन १४ गते हुनेछ। भद्रपुर झापा गोल्डकपको फाइनल खेल फागुन १६ गते मंगलबार हुनेछ।

भद्रपुरको मेची रंगशालामा हुने खेलका लागि करिब २० हजार दर्शक बस्न सक्नेगरी स्थायी प्यारापिटको मर्मत, रङरोगन तथा बाँसको अस्थायी प्यारापिट पनि निर्माण कार्य पनि अन्तिम चरणमा पुगेको छ।

पहिलो संस्करणको भद्रपुर झापा गोल्डकपको विजेताले नगद १३ लाख र उपबिजेताले नगद ७ लाख रुपैयाँ प्राप्त गर्नेछ। गोल्डकप सम्पन्न गर्न एक करोड ५० लाख रुपैयाँ खर्च लाग्ने अनुमान गरिएको छ।

प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीलाई नगद एक लाख, उत्कृष्ट गोलकिप्पर, उत्कृष्ट डिफेण्डर, उत्कृष्ट मिडफिल्डर, उत्कृष्ट फरवार्ड, उत्कृष्ट प्रशिक्षक, उच्च गोलकर्ता र फाइनल खेलको पहिलो गोलकर्तालाई नगद २५ हजार प्रदान गरिनेछ। प्रत्येक खेलको प्लेयर अफ द म्याचलाई नगद २० हजार रुपैयाँ दिइनेछ।

गोल्डकप प्रबर्द्धन गर्न भद्रपुर रन

भद्रपुर, फागुन १। मिति नजिकिँदै जाँदा भद्रपुर झापा गोल्डकप आयोजक समितिले प्रतियोगितालाई अझ व्यापक बनाउन भद्रपुर रन २०७९को आयोजना गरेको छ।

सोमवार आयोजित मिनि म्याराथन 'भद्रपुर रन-२०७९'को उपाधि हपन्वा टुडू र सुस्मिता राईले जितेका छन्। भद्रपुर झापा गोल्ड कपको आयोजनामा भएको पाँच किलोमिटर दूरीको भद्रपुर रनमा पुरुषतर्फ हपन्वाले १८ मिनेट १७ सेकेन्ड र महिलातर्फ सुस्मिताले ३२ मिनेटमा दूरी पार गर्दै उपाधि हात पारेका हुन्। त्यस्तै, पुरुषतर्फ आशिषकुमार दोस्रो र सुदीप राई तेस्रो भए। महिलातर्फ बिन्दा राई दोस्रो र मनिता राई तेस्रो भए। भद्रपुर-६स्थित मेची पुलबाट शुरु भएको प्रतियोगिता भद्रपुर बजार-भानुचोक-संगम चोक-सगरमाथा चोक हुँदै मेची रंगशालामा पुगेर सम्पन्न भएको थियो।

प्रतियोगिताका प्रथम धावकलाई नगद पाँच हजार, दोस्रोलाई तीन हजार, तेस्रोलाई दुई हजार र टिसर्ट पुरस्कार प्रदान गरिएको थियो।

प्रतियोगितामा चौथोदेखि दशौंसम्म हुने धावकलाई जनही नगद एक हजार र टिसर्ट प्रदान गरिएको थियो। भद्रपुर रनले खेलकुद क्षेत्रलाई चलायमान बनाउन मद्दत मिल्ने आयोजक संस्थाका अध्यक्ष दीपेश ढकालले बताए। फागुन ७ गतेदेखि हुन लागेको भद्रपुर झापाको गोल्डकपको प्रचारप्रसारमा थप टेवा मिल्ने आयोजकको अपेक्षा छ।

प्रतियोगितामा अप्रतियोगीका रुपमा नेपाल उद्योग वाणिज्य महासंघका पूर्वअध्यक्ष चण्डीराज ढकाल, सौर्य एयरलाइन्सका अध्यक्ष दीपक पोखरेल, महासंघ १ नम्बर प्रदेश अध्यक्ष टीकाराज ढकालगायतको सहभागिता रहेको महासचिव जीवनकुमार श्रेष्ठले जानकारी दिए।

त्यस्तै, भद्रपुर नगरपालिकाका नगरप्रमुख गणेश पोखरेल, झापाका प्रमुख जिल्ला अधिकारी शिवराम पोखरेल, झापाका प्रहरी प्रमुख प्रहरी उपरीक्षक दुर्गाराज रेग्मी, भद्रपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत टेककुमार रेग्मी रनमा सहभागी थिए।

क्युपेकको पाँचौं अधिवेशन

अर्जुनधारा, फागुन १। नेपाल बिजुली, पेन्टर, प्लम्बर तथा निर्माण मजदुर युनियन (क्युपेक नेपाल) अर्जुनधाराको पाँचौं नगर अधिवेशन सम्पन्न भएको छ।

अर्जुनधारा-८ शनिश्चरे बजारस्थित सामुदायिक भवनमा नगर कमिटीका अध्यक्ष कृष्णबहादुर बस्नेतको अध्यक्षतामा आयोजित उक्त अधिवेशनको प्रमुख अतिथि क्युपेक नेपालका केन्द्रीय उपाध्यक्ष अम्बिरकुमार लिङदेनले उद्घाटन गरेका थिए। उनले अधिवेशनलाई सम्बोधन गर्ने क्रममा श्रमिकहरुको लागि आवश्यक श्रमिक डेस्क सबै पालिकाहरुमा सञ्चालन हुनुपर्नेमा जोड दिए। कार्यक्रममा संस्थामा विशेष योगदान पुऱ्याउन सफल मुना काफ्लेलाई सम्मान-पत्र र मायाको चिनोसहित दोसल्ला ओढाई सम्मानित गरिएको थियो।

कार्यक्रममा अर्जुनधारा-२का वडाध्यक्ष सिद्धार्थ श्रेष्ठ, ७ का वडाध्यक्ष गोविन्दप्रसाद खतिवडा, क्युपेक मेचीनगरका अध्यक्ष दीनेश गिरीलगायतले शुभकामना मन्तव्य राखेका थिए। कमिटीका उपाध्यक्ष लोकनाथ दुलालले स्वागत गरेको उक्त अधिवेशनको सञ्चालन क्युपेक झापाका सचिव निरानन्द गिरीले गरेका थिए।

सोही अधिवेशनले लोकनाथ दुलालको अध्यक्षतामा ११ सदस्यीय कार्यसमिति सर्वसम्मत चयन गरेको क्युपेक नेपालका केन्द्रीय सदस्य देवकुमार राईले जानकारी दिए। नवगठित कमिटीको उपाध्यक्षमा लक्ष्मण दनुवार, सचिवमा बिपीन महतो, सहसचिवमा राम बानियाँ, कोषाध्यक्षमा धीरेन राजवंशी र सदस्यहरुमा अनिता मण्डल, टोलबहादुर गुरुङ, राधा गुरुङ, रामप्रसाद घिमिरेलगायत रहेका छन्।

त्यस्तै अधिवेशनले निवर्तमान अध्यक्ष बस्नेतलाई प्रमुख सल्लाहकार र तिलबहादुर तामाङलाई सहसल्लाहकारमा चयन गरेको छ।

प्रहरीको ...

मजदुर र मजदुरसँग सम्बन्धित संगठनका नेता-कार्यकर्तामाथि आक्रमण गरेको विरोधमा यातायात मजदुरले अनिश्चितकालीन यातायात बन्दको घोषणा गरेका हुन्।

इलाममा दोस्रो लामो झोलुङ्गे पुल

इलाम, फागुन १। इलामको माई नगरपालिकाको बिहीबारे र घण्टे जोड्ने झोलुङ्गे पुल बनेपछि स्थानीय हर्षित भएका छन्।

८ सय २० मिटर लामो झोलुङ्गे पुल निर्माणले माई नगरपालिका र दानाबारी क्षेत्रका बासिन्दाले वर्षौंदेखि भोग्दै आएको सास्तीको अन्त्य भएको छ। बिरामीलाई अस्पताल लान र विद्यार्थीलाई बिद्यालय जानसँगै दुई पाङ्ग्रे सवारी साधन गुडाउन सहज भएको स्थानीयवासीले बताएका छन्।

इलामको माईखोलमा निर्माण भएको यो पुल नेपालको दोस्रो लामो झोलुङ्गे पुल हो। पुल निर्माण भएपछि माईखोला वारपार गर्दा वर्षातमा ज्यानको माया मारेर तर्नुपर्ने बाध्यता हटेको छ। इलामको माई नगरपालिकाको बिहीबारे र घण्टे जोड्ने झोलुङ्गे पुल निर्माण भएपछि स्थानीयवासीले बिगतका दुःख बिर्सिएका छन्।

माईखोलामा निर्माण भएको पुल देशकै दोस्रो लामो झोलुङ्गे पुल हो। मल्टी स्पान पुलको लम्बाइ ८ सय २० मिटर रहेको छ। यसअघि महाकाली चाँदनी दोधारा जोड्ने १ हजार ४ सय ५२ मिटर लामो पुल बनेको थियो। यो पुल निर्माण भएसँगै स्थानीयलाई खोला वारपार गर्न सहज मात्रै भएको छैन माईखोलामा डुबेर ज्यान जान्छ भन्ने चिन्ता हटेको छ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय अन्तर्गत स्थानीय पूर्वाधार विभागबाट ८ करोड २० लाखमा पुलको निर्माण सम्पन्न भएको हो। १ वर्षअघि निर्माण भएको पुल ७ वटा पिलरसहित निर्माण भएको यो झोलुङ्गे पुलको ४ वटा टावर रहेको स्थानीयवासीले बताएका छन्।

माइखोलामा पुल निर्माण भएपछि माई नगरपालिका-१को घण्टेदेखि लिएर देउमाई नगरपालिका जितपुरसम्मका बासिन्दालाई सुविधा पुगेको छ। बिरामीलाई अस्पताल लान र विद्यार्थीलाई बिद्यालय जानसँगै दुई पाङ्ग्रे सवारीसाधन गुडाउन सहज भएको स्थानीयवासीले बताएका छन्।

यो क्षेत्रमा पुल नहुँदा वर्षेनि खोला तर्नु बाध्यता थियो भने गतवर्ष मात्र तीन जना विद्यार्थीलाई खोलाले बगाएर बेपत्ता बनाएको थियो।

आवश्यकता

बिर्तामोड स्थित एक पसल र क्याण्टिनका लागि २ जना सामन्य हिसाब जान्ने लेखपढ गर्न जान्ने सहयोगी कर्मचारी आवश्यक परेकाले खान बस्न सुबिधासहित तलबको पनि ब्यवस्था रहेकाले इच्छुकले सम्पर्क गर्नुहोला ।

सम्पर्क : ९८६१४५४५४४/ ९८०४९०४४२२

जग्गा बिक्रीमा

अर्जुनधारा-७ रमाइलो वस्तीमा रहेको ५ कठ्ठा जग्गा तु- विक्रीमा रहेको छ।

सम्पर्क :- ९८१५०१४६४७

हार्दिक बधाई

घनश्याम चौधरी
अध्यक्ष

टीकाराम खतिवडा
का.का उपाध्यक्ष

सुरज चौधरी
का.का उपाध्यक्ष

प्रवास थापा मगर
संयुक्त सचिव

बसन्त ढकाल
जनसम्पर्क अधिकारी

दीपक साह
प्रकरण निर्देशक

दिपेन धिमाल
तालिम संयोजक

प्रज्वल विमली
उपाध्यक्ष

सुमनकुमार पोद्दार
उपाध्यक्ष

वाप्पा साह
उपाध्यक्ष

राज मुखिया
उपाध्यक्ष

बिर्तामोड उद्योग वाणिज्य संघका पूर्व कार्यसमिति सदस्य, लायन्स क्लबका जोन चेयर पर्सन, सामाजिक तथा सालिन व्यक्तित्व **श्री घनश्याम चौधरी** वीरता जेसीजको अधिवशेनबाट सन् २०२३को गरिमामय अध्यक्ष पदमा निर्वाचित हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दछौं।

साथै उहाँ लगायत विजयी हुनुहुने कार्यकारी उपाध्यक्षहरु **टीकाराम खतिवडा (गणेश), सुरज चौधरी**, संयुक्त सचिव **प्रवास थापामगर**, जनसम्पर्क अधिकारी **बसन्त ढकाल**, प्रकरण निर्देशक **दीपक साह**, तालिम निर्देशक **दिपेन धिमाल**, उपाध्यक्षहरु **प्रज्वल विमली, सुमनकुमार पोद्दार, वाप्पा साह, राज मुखिया** लगायत सम्पूर्ण पदाधिकारी महानुभावहरुमा कार्यकाल सफलताको शुभकामना व्यक्त गर्दछौं।

बिर्तामोड उद्योग वाणिज्य संघ परिवार

बिर्तामोड नगरपालिका-१, झापा

श्रद्धाञ्जली/समवेदना

हातेमालो बचत तथा ऋण सहकारी संस्था लि बुधबारेका शेयर सदस्य श्री खेमराज विश्वकर्माका पुजनीय पिता **भद्रबहादुर विश्वकर्मा**को गत माघ २३ गते दुखद निधन भएको हुँदा आज नवौं दिनको पुण्य तिथिमा उहाको पुण्यात्माको चिरशान्तिको कामनाका साथ भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस दुःखको घडीमा शोक सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं।

स्व. भद्रबहादुर विश्वकर्मा
जन्मः १९८७/०९/२२
निधनः २० ७९/१०/२३

हातेमालो बचत तथा ऋण सहकारी संस्था लि. परिवार

बुद्धशान्ति -३ झापा

श्रद्धाञ्जली/समवेदना

श्री रामजानकी मन्दिर बुधबारेका आजीवन सदस्य श्री कमल विश्वकर्माका पुजनीय पिता **भद्रबहादुर विश्वकर्मा**को गत माघ २३ गते भएको दुःखद् निधन भएको हादा आज नवौं दिनको पुण्यतिथिमा उहाँको पुण्यात्माको चिरशान्तिको कामनाका साथ भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस दुखको घडीमा सम्पूर्ण शोकाकुल परिवारजनप्रति हार्दिक समवेदन प्रकट गर्दछौं।

स्व. भद्रबहादुर विश्वकर्मा
जन्मः १९८७/०९/२२
निधनः २० ७९/१०/२३

श्री रामजानकी मन्दिर

बुद्धशान्ति -३ झापा

असल संस्कार र समृद्धिका लागि एनएमसी

नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि.

NMC-COOP

कर्पोरेट कार्यालय : मेचीनगर-६, काँकरभिट्टा, प्रदेश नं. १

क्यालेन्डर छपाईका लागि कोटेसन आव्हान

प्रथमपटक प्रकाशित मिति : २०७८।११।२

नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि. द्वारा वि.सं. २०७९ सालको तपसिल बमोजिमको साइज र गुणस्तरमा रही टेबल क्यालेन्डर र भित्ते क्यालेन्डर छपाईका लागि इच्छुक फर्मबाट कोटेसन आव्हान गरिन्छ।

भित्ते क्यालेन्डर	टेबल क्यालेन्डर
सङ्ख्या : ५० हजार थान	सङ्ख्या : ५ हजार थान
साइज : १२"X १८"	साइज : ८.५"X ६.२"
कागजको गुणस्तर : आर्ट बोर्ड	कागजको गुणस्तर : आर्टबोर्ड
कागजको तौल : १३० GSM	कागजको तौल : २५० GSM
छपाईको गुणस्तर : मल्टी कलर	छपाईको गुणस्तर : मल्टी कलर
आकारः पाटा बाइन्डिङ	आकार : कुट स्टेण्ड, ६ पन्ने
३ पन्ने ६ पेज	१२ पाना (२४ पेज) स्पाइरल बाइन्डिङ

पुनश्च :
- कोटेसन संस्थाको कर्पोरेट कार्यालय, मेचीनगर-६, काँकरभिट्टा वा संस्थाको आधिकारिक इमेल ठेगाना corporatenmc@gmail.com मा पठाउन सकिनेछ।
- कोटेशनका साथमा आफूले प्रकाशन गर्ने दुवै क्यालेन्डरको नमूनाप्रति (Sample) अनिवार्य पेश गर्नु पर्नेछ।
- संस्थामा सूचीकृत नभएका फर्महरुले सूचीकृत गराएर मात्र कोटेशन पेश गर्नु पर्नेछ।
- कोटेशन पेश गर्ने फर्म मूल्य अभिवृद्धि कर (VAT) मा अनिवार्य दर्ता भएको हुनु पर्नेछ।
- **कोटेसन पेश गर्ने अन्तिम मिति :** २०७८ फागुन १६ गते मंगलबार कार्यालय समयसम्म।
- कोटेशन सम्बन्धी अन्तिम निर्णय गर्ने अधिकार संस्थामा निहित रहनेछ।

थप जानकारीका लागि : ९८५२६८९४१५/९८५२६८९४८४

कर्पोरेट कार्यालय

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

सम्पादकीय

आत्महत्याको क्रमलाई रोक

नेपालीको पर्याय जस्तै भएको वैदेशिक रोजगारी असामयिक मृत्युको कारण पनि बनिन थालेको छ । प्राप्त पछिल्लो तथ्यांक अनुसार गएको डेढ दशकको अवधिमा दश हजारभन्दा बढीले वैदेशिक रोजगारीकै क्रममा मृत्युवरण गरेका छन् । मृतकहरु मध्ये झण्डै तेह्र प्रतिशतले आत्महत्या गरेको सरकारी तथ्यांकले देखाएको छ । एकातिर स्वदेशमा रोजगारी नपाउने अवस्था र अर्कोतिर विदेशमा पनि भने जस्तो काम वा दाम नपाउने र पाउँदा पनि सुरक्षाको प्रत्याभूति नहुँदा मृत्यु नै वरण गर्नुपर्ने अवस्थाले हाम्रो निरीहता प्रदर्शन गरेको छ । सरकारी तथ्यांकका अनुसार बितेको चौध वर्षको अवधिमा दश हजार छ सय छैसठ्ठी जनाको विदेशमा मृत्यु भएको थियो । त्यसमध्ये दश हजार चार सय जना पुरुष रहेका छन् । एउटा अर्को अध्ययनले रोजगारीमा गएकाहरुमा चिन्ता, निराशा, दुर्घटना, क्षयरोग, टाउको दुख्नु र आत्महत्याको प्रयास मृत्युको मुख्य कारण रहेको देखाएको छ । त्यसमा पनि आत्महत्या नै गर्नुका पछि रोजगारीमा जानु पूर्व उनीहरुलाई आवश्यक मनोपरामर्श नदिनु नै मुख्य कारण रहेको विज्ञहरु बताउँछन् ।

काम तथा रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका प्रवक्ता डण्डुराज घिमिरे सहज अवस्था हुँदाहुँदै विदेशिनु रोजगारमा गएकाहरुले यहाँभन्दा भिन्न परिस्थितिको सामना तथा संघर्ष गर्नुपर्ने कारणले मनोरोगी हुने गरेको बताएका छन् । वैदेशिक रोजगारीमा जानुअघि दिइने तालिम र अभिमुखीकरणमा मानसिक स्वास्थ्य, मनोरोगको लक्षण, कामको प्रकृति, जोखिम लगायतका विषयमा प्रशिक्षण दिनु पर्दछ । जसले उनीहरुलाई संघर्षसँग जुध्न, सुरक्षित हुन र स्वास्थ्य सजगता अपनाउन सहयोग गर्छ । श्रम सम्झौता विपरीत काममा लगाउने, तलब थोरै दिने, अवैध स्थिति, शारीरिक यातना जस्ता कारणले कामदारमा मनोसामाजिक समस्या बढ्ने गरेको अध्ययनले देखाएको छ । यस्तो परिस्थितिले चिन्ता बढाउने र त्यही चिन्ता मृत्यु वा आत्महत्या जस्ता दुर्घटनाहरु निम्त्याउने कारण बन्ने गरेको छ ।

सामाजिक समस्याका रुपमा समेत देखिन थालेको वैदेशिक रोजगारीले पारिवारिक बिखण्डन त ल्याउँछ नै सँगै दुःखको कारण पनि बन्दै जाँदैछ । त्यसैले सर्वप्रथम स्वदेशमै रोजगारीको अवस्था सृजना गर्नु सर्वोत्तम समाधान हो भन्ने स्वीकार गरेर तदनुकूल वातावरण तयार गर्नुपर्छ । त्यसबाहेक रोजगारीमा जानैपर्ने अवस्थामा चेतना अभिवृद्धिका कार्यक्रम मार्फत उनीहरुलाई मानसिक रुपमा तयार गर्नुपर्छ । त्यसका लागि पाठ्यपुस्तकमै विषय समावेश गरी सबैलाई वैदेशिक रोजगारी सम्भावना, समस्या, चुनौति र सामनाका बारेमा सुसूचित गराउनु पर्दछ । अहिलेको हकमा हाम्रो देशको अर्थतन्त्र नै विप्रेषणले टिकेको छ । त्यसैले सरकारले राष्ट्रिय आयको मुख्य स्रोत जत्तिकै भएको वैदेशिक रोजगारीलाई व्यवस्थित, सुरक्षित र सुनिश्चित गर्नेतर्फ प्रभावकारी उपाय अपनाउनुपर्छ । जसले अकालमा मृत्युवरण गर्नुपर्ने तथ्यांकलाई कम गर्न र पारिवारिक तथा सामाजिक खुशी फर्काउन मद्दत गर्नेछ ।

प्रेमले मानिसलाई बाँच्ने ऊर्जा दिन्छ

रेखा सापकोटा

ऋतुको परिवर्तनसँगै वसन्त ऋतु आफैंमा यौवन अवस्था भन्ने बुझिन्छ। वसन्त ऋतुमा प्रकृतिको बहार आउँछ, प्रकृतिले नौलो काचुली फेर्छ, यसलाई ऋतुराज पनि भनिन्छ। अनि यही ऋतुमा पर्ने फेब्रुअरी १४ प्रेम गर्नेहरुका लागि विशेष दिन अर्थात् प्रणय दिवस। तर्क र विश्लेषण गर्नेहरु भन्छन्- यो पश्चिमा संस्कृती हो। तर, प्रेमको कुनै भूगोल हुँदैन, सिमाना, जात र धर्म हुँदैन। यो दिन माया गर्नेहरुको दिन हो।

सन्त भ्यालेन्टाइनको सम्झनामा प्रत्येक वर्षको फेब्रुअरी १४ मा विश्वका थुप्रै देशमा यो दिनलाई प्रणय दिवसको रुपमा मनाइन्छ, नेपाल पनि यो दिवस मनाउन अछुतो रहेको छैन। हुन त आफ्नै संस्कृतीमा पनि राधा-कृष्णको प्रेम भएको दिनलाई प्रेम दिवस मनाउन सकिन्छ भन्ने तर्क-वितर्क भने नचलेको होइन। तर, हामी पश्चिमा संस्कृतीतिर अलिक बढि नै झुकाब राख्दछौं।

भ्यालेन्टाइन-डेको पछाडि दुःखद् इतिहास लुकेको छ। तेस्रो शताब्दीमा रोममा क्लोडियस नामक शासक थिए। उनको मान्यता थियो कि जब विवाह गरिन्छ। पुरुषको शक्ती र बुद्धी दुबै नष्ट हुन्छ, यहीकारणले उनले आफ्नो राज्यमा कुनै पनि सैनिक अधिकारी विवाह गर्न पाउने छैनन् भनेर उद्घोष गरे। तर, सन्त भ्यालेन्टाइनलाई यो कुरा मन परेन उनले क्लोडियसको विरोध गर्दै विवाहका लागि सबैलाई उक्साए र कतिपय सैनिक र अधिकारीले विवाह पनि गरे। जुन कुरा क्लोडियसको नियममा कानून मूल्य-मान्यता विपरीत थियो।

त्यसैकारण भ्यालेन्टाइनलाई बन्दी बनाई फासीको सजाय सुनायो। भ्यालेन्टाइनले फासीअघि जेलरकी दृष्टिविहीन छोरीलाई आफ्नो आँखा उपहार स्वरुप सानो पत्रमा फर्म यु आर भ्यालेन्टाइन भनेर मायाको चिनो दिएर गए त्यही दिनलाई सन्त भ्यालेन्टाइनको समर्पणमा मानिसहरुले प्रणय दिवस मनाउन शुरु गरे। शुरुवाती दिनमा भ्यालेन्टाइन-डे विधिवत् रुपमा मनाइन्थ्यो, आफूले बनाएको कार्डको आदान-प्रदान गरिन्थ्यो। तर, विकास क्रमसँगै अब रेडिमेड कार्ड, कृतिम गुलाबका फूलहरुले भावना व्यक्त हुन थालेका छन्। हुन त जसरी भावना साटासाट भए पनि यो दिनलाई विशेष बनाउन फ्रेबुअरी महिना शुरु हुनुका साथै हरेक दिनलाई नयाँ बनाउने, कसम खाने अवसर प्रणय दिवसका आठ दिनले प्रदान गर्ने गर्दछ।

पहिलो दिन रोज-डे ले प्रख्यात छ। यसको शुरुवात गुलाबको बास्ना र सुन्दरताबाट शुरु हुन्छ, गुलाबको फूल दिएर एकअर्काको भावना, प्रेम व्यक्त गर्ने माध्यम रातो रङ्गको गुलाबलाई प्रेमी-प्रेमिकाले मान्दछन्। दोस्रो दिन प्रपोज-डे, फेब्रुअरी ८ को दिन कुनै व्यक्तिसँग यदि अथाह माया छ भने डेटमा गएर व्यक्त गरिने दिन। तेस्रो दिन फेब्रुअरी ९ को दिन अर्थात् चकलेट डे, मान्छेको जीवनमा चकलेटको पनि छुट्टै विशेषता छ, खुशीका पल, पहिलो भेट, टाढाबाट आउँदा, चकलेट उपहार दिएर खुशी साटासाट गर्ने चलन छ। झन् माया व्यक्त गर्न चकलेटले ठूलै भूमिका निभाएको हुन्छ। एकअर्कालाई चकलेट दिएर चकलेट जस्तै मिठास बनिरहोस् प्रेमी-प्रेमिकाबीच यही कानमा गर्छन्। चौथो दिन अर्थात् फेब्रुअरी १० टेडी डे, टेडीको जस्तै मानिसको मन पनि कोमल, संवेदनशिल हुन्छ, कोमलताको अनुभव आदान-प्रदान गर्न टेडी गिफ्ट गर्छन्। विशेषगरी यो टेडी गिफ्ट केटीहरु बीच प्रिय हुन्छन्। प्रेम गर्न, मुखले व्यक्त गर्न जति सजिलो छ निभाउन तेती नै गाह्रो छ। यही जिन्दगीभरको साथ निभाउन फेब्रुअरी ११ अर्थात् प्रमिस डे मनाउँछन् । फेब्रुअरी १२ अर्थात् एक-आपसमा अंकमाल गरेर प्रेम व्यक्त गर्ने दिन एक-अर्कालाई कति माया जान्न सजिलो हुने दिन। फेब्रुअरी १३ किस डे एकअर्कालाई चुम्न गरेर सधैं जीवन बिताउने साथ दिने दिन, मायाको कसम खाने दिन, यसरी प्रत्येक दिनको छुट्टाछुट्टै मूल्य-मान्यता राख्दै फेब्रुअरी १४ मा भ्यालेन्टाइन-डे मनाउँछन् प्रेमी-प्रेमिका।

माया-प्रेम गर्न जति समय नै भए पनि कम लाग्छ यो हिसाब किताबमा रहन्न। प्रेमको वर्णन गर्न महान दार्शनिक साहित्यकार कथाकार सबैलाई गाह्रो छ भने म जस्ता सानाले झन् मायाको परिभाषा कसरी दिनु। फूलसँग दाज्ने माया, चन्द्रसँग दाज्ने माया, चौतारीको वर-पीपलसँग दाज्ने माया। मायाको परिभाषा नै छैन त्यसैले त मायामा टाढा छैन जो जहाँ भए पनि प्रेम पलाउँछ। प्रेममा प्राप्ति मात्र छैन, प्रेमको आकार छैन, टाढा बसेर चुपचाप एकोहोरो माया गर्नुपर्ने सन्त भ्यालेन्टाइनको दृष्टिविहीन महिलासँगको प्रेम जस्तो स्वच्छ सम्बन्ध हो। त्यसैले त प्रेम अक्सिजन जतिकै हो। यो एकदम अनियन्त्रित पनि हुन्छ। यति गर्छु उति गर्छु भनेर सिमानाको दायराभित्र सिमित छैन। प्रेम दुई विपरीत लिङ्गबीचको मात्र होइन, प्रेम परिवार, साथीभाइ सबैसँग हुन्छ। प्रेमले मानिसलाई बाँच्ने ऊर्जा दिन्छ।

विसंगतिलाई छाडेर संस्कृतीको रुपमा यस दिनलाई मनाऔं, आधुनिकताको नाममा समाजलाई अपाच्य कार्य नगरौं, आखिर माया गर्नेहरुका लागि सधैं प्रेम दिवस हुन्छ। चकलेटसँग साटेको माया, टेडीसँग साटेको माया, पहिलो गुलाब मित्रताको प्रतिकसँग साटेको माया, रातो गुलाब प्रेम प्रतिक मानेर साटेको माया, सेतो गुलाब साँचो प्रेम र स्वच्छ हृदयको भावुकताले भरिएको सन्देश दिन साटिएको माया सबै मायाका अवसरहरुलाई यही प्रेम दिवसको मुरी-मुरी शुभकामना।

kp cfkm}xG5

किरण अर्याल

प्रेम आफै हुन्छ ? प्रेम कहाँ हुन्छ ? के प्रेम बिना जीवन सुन्दर छैन ? प्रेम हुनु आफैमा राम्रो या नराम्रो ? आफैमा प्रश्न गरिरहने म तिमी जीवनमा आएपछि सबै प्रश्नको उत्तर भेटे जस्तै लाग्छ। संसारमा हरेको हरेकसँग प्रेम बसिरहेको हुन्छ। चाँहे व्यक्त होस्, चाँहे नहोस्। मानव जीवनमा प्रेमको महत्व आफ्नै ठाउँमा छ। मानव मात्रै यस्तो प्राणी हो जुन प्रेम बिना बाँच्ने कल्पनासम्म गर्न सक्दैन। हुन त प्रेम अन्य प्राणीमा पनि नहुने भने होइन। तर, मानवीय गुणका कारण सर्वश्रेष्ठ प्राणी मानिस पटक-पटक प्रेम दर्शाइरहन्छ। यो उसको मानवीय गुण पनि हो।

म सोचिरहन्छु कस्तो अनौठो होला यो मायाप्रेम जसको कारण चिन्दै नचिनेको व्यक्ति, देख्दै-नदेखेको व्यक्ति र कोही आफ्नो हुँदै नभएको व्यक्तिप्रति अनायसै प्रेमको भेल उर्लन थाल्दछ। र, ऊ सबैभन्दा निकट लागीरहन्छ। त्यतिमात्र होइन ऊ सुन्दर पनि लाग्दछ। प्रेममा सुन्दरताले भूमिका गौणमा खेलेको हुन्छ। प्रेम हुनलाई आकर्षित मुहार हुनुपर्छ भन्ने छैन किन थाह छ ? किनकि प्रेम त्यस्तो चिज हो अन्यलाई नराम्रो लागेको व्यक्ति आफूलाई संसारकै राम्रो लाग्दछ। जब कसैसँग प्रेम बस्न थाल्दछ, ऊ बाहेक अर्को संसार छ भन्ने थाह पाउँदैन। अचम्म लाग्छ सुन्दा जब कोही प्रेममा परेको हुँदैन यस्ता कुरा महशुस गरेको हुँदैन। तर, जब कोही प्रेममा परेको हुन्छ, उसलाई यी कुरा अचम्म होइन सुखद् लागीरहेको हुन्छ। यतिमात्रै होइन प्रेम त यस्तो चिज हो केही पल टाढा हुँदा रोइ दिने सँगै हुँदाको कल्पनामै पनि हाँसी दिने। कस्तो-कस्तो यो माया पनि पागलपनको उपनाम लगाइदिन्छन् साथीभाइ।

माया गर्न आमाबुवाबाट सिक्दै आएको हुन्छ। त्यसो त प्रेम भन्ने बित्तिकै प्रेमी वा प्रेमीकाबीचको मात्रै सोच्ने हो भने प्रेम आफैंमा संकुचित हुन पुग्दछ। प्रेमको दायरा फराकिलो छ र हुनु पर्दछ। आफन्त-आफन्तबीच प्रेम दर्शाउन सकिन्छ। एउटी नारी त प्रेमकी प्रतिमूर्ति नै हुन्। किनकि उनले हरेक भूमिका निर्वाह गर्छिन्। कसैकी छोरी, श्रीमती, बुहारी, आमा, भाउजु, काकी, माइजु कति हो कति सम्बन्ध अनि कसैकी प्रेमिका पनि। यी सम्बन्धहरु उनले विवेकपूर्ण तरीकाले निभाउन सके उनी सबैभन्दा सफल नारी बन्न सक्छिन्। परिवार अनि समाजका लागि र आफ्नो श्रीमानका लागि एक रथको दुई पाङ्ग्रा नै हुन पुग्छिन्। यसो भनिरहँदा पुरुषको भूमिकालाई पछि पार्न भने खोजेको होइन। महिला र पुरुष प्रेमिल सम्बन्धमा एक सिक्काका दुई पाटा हुन्।

आज मेरो मनमा यी अनेक कुराले ठाउँ लिनुमा नजिकिँदै गएको प्रेमीहरुको दिवस अर्थात् १४ फेब्रुअरीको प्रभाव जस्तै लाग्दछ। बर्षैपिच्छे फेब्रुअरी महिनाले प्रेमको संगीत बजाउँदै आए जस्तो लाग्छ। यो महिना प्रेममय महिना झैं लाग्छ। कति प्रेमिल मनहरु १४ फेब्रुअरीको प्रतिक्षामा छन् होला। आफू प्रेममा परेको व्यक्तिलाई उपहार स्वरुप गुलाबका फूलहरुको साथमा आफ्नो अन्तरमनमा लुकेका भावना व्यक्त गर्न आँट जुटाउँदै होलान् भने कतिले प्राकृतिक सौन्दर्यतामा हराउँदै आफ्नो प्रेमी-प्रेमीकासँग रमाउने मनसाय बोक्दै होलान्। वास्तवमा प्रेम शब्द नै कति मिठासपूर्ण छ। कल्पनामा रमाउन र सपना सजाउन कसैले रोक्न-छेक्न नै नसक्ने गरी अथाह मायाको संसार आँखाभरी सजाउन सकिने गरी यो प्रेम कस्तो-कस्तो।

सम्बन्धहरुलाई प्रगाढ बनाउने कसी नै प्रेम जस्तो लाग्दछ मलाई। जहाँ प्रेम छ त्यहाँ विश्वास छ अनि सम्बन्धमा मिठासपन पनि छ। प्रेम बिना त जीवन निरश र उदासिन जस्तै लाग्छ भोगाइमा। यथार्थमा प्रेम त्यो हो जसको साथमा संसार जित्ने आँट गर्न सकिन्छ। म भित्रको तिमी र तिमीभित्रको म अनि हाम्रो विश्वास नै प्रेम हो भन्ने जसलाई लाग्छ ऊ पनि प्रेमिल संसारमा नै हराएको आभाष गर्छ। चाहे जे होस् जीवन जिउने आधार नै प्रेम हो। प्रेमिल मन अनि सम्बन्धमा प्रेम दिवस अर्थात् १४ फेब्रुअरीको हार्दिक शुभकामना। जीवनमा प्रेमले बास गरोस्।

हात्तीपाइले रोगबिरुद्धको औषधि परीक्षण लागि होइन, बचाउनका लागि हो

□ पार्थ मण्डल

भद्रपुर, फागुन १। विश्व स्वास्थ्य संगठनले हात्तीपाइले रोगबिरुद्धको औषधि सेवन नेपाली जनताको शरीरमा परीक्षणका लागि ल्याएको जनमासमा भ्रम पैदा गरिएकोले यो अभियान सफल हुन नसकेको बताइएको छ।

सरकारले सन् २०२० भित्र हात्तीपाइले रोगबिरुद्धको अभियान सफल गर्ने लक्ष्य राखेकोमा प्रदेश १ का झापा र मोरङसहित १५ जिल्लामा अझै पनि यो अभियान सफल हुन नसकेको जिल्ला स्वास्थ्य कार्यालय झापाका अधिकृत विश्वनाथ श्रेष्ठले जानकारी दिए।

झापा र मोरङ शिक्षित जिल्ला हो। तर, शिक्षित जिल्लाकै हालत यस्तो रहेको बताउँदै अधिकृत श्रेष्ठले भने- 'हात्तीपाइले क्युलेक्स वा एनोफिलिसको पोथी लामखुट्टेको टोकाइबाट फाइलेरिया नामक परजीवीबाट सर्ने रोग हो, यो रोग लाग्नुभन्दा अगाडि औषधि सेवाबाटै उपचार सम्भव छ, लागि सकेपछि यसको कुनै पनि उपचार छैन।' सरकारले यो कार्यक्रम सफल बनाउन वर्षेनि ठूलो बजेट खर्चिएर

घरदैलो मार्फत आमजनतालाई औषधि सेवन गराउँदै आइरहेको छ। औषधि सेवनको प्रतिफल नआउँदा सरकारको बजेट खेर गइरहेको उनको भनाइ छ।

'जनमासमा औषधि सेवन असरको डर र भ्रमका कारणले घरदैलोमा पुगेका स्वास्थ्य स्वयम्सेविकाबाट औषधि कागजको पोकामा लिने, तर सेवन नगर्दा अभियान सफल हुन सकेन' -उनले भने। यो औषधि परीक्षणको लागि नआएको र हालसम्म कसैको मृत्यु नभएकोले ढुक्क भएर औषधि सेवन गर्न उनले आग्रह गरेका छन्। 'परिवारका एक/दुई जनाले मात्र सेवन गर्ने, छरछिमेक र घरका अन्य सदस्यले सेवन नगर्दा सेवन गर्ने व्यक्ति पनि जोखिममा रहिरहन्छन्, त्यसैले सबैले यो औषधि सेवन गर्नुपर्ने हुन्छन्' -उनले भने।

यही फागुन ११ गतेदेखि झापाभरि १२औं पटक राष्ट्रिय हात्तीपाइले रोगबिरुद्धको तीन प्रकारको औषधि सेवन कार्यक्रम सञ्चालन हुन लागेको छ। विगतका वर्षहरूको तुलनामा यस वर्ष यो अभियानलाई कसरी सफल बनाउने भन्ने उद्देश्यका साथ भद्रपुर नगरपालिकाको स्वास्थ्य शाखाले पालिकास्तरीय योजना तर्जुमा तथा बहुनिकाय गोष्ठी आयोजना गरेको थियो।

सोही गोष्ठीमा हात्तीपाइले रोगको बारेमा जानकारी गराउँदै अधिकृत श्रेष्ठले भने- 'झापामा सन् २०१२ मा २४ प्रतिशत हात्तीपाइले रोगको जीवाणु देखा परेको थियो।'

औषधि सेवनका कारण यो प्रतिशत घट्ने क्रममा रहेको बताउँदै जोखिम क्षेत्रको पहिचान गर्दै सन् २०२२ मा कचनकवलको लोदाबारीमा एक सय जनाको स्वास्थ्य परीक्षण गर्दा सात प्रतिशतमा हात्तीपाइले रोगको जीवाणु भेटिएको थियो। 'परीक्षण गर्दा दुई प्रतिशतभन्दा कम आउनुपर्ने हुन्छ, तर त्यो नभेटिएकोले जिल्लामा औषधि सेवन अभियानलाई निरन्तरता दिनुपऱ्यो' -उनले भने।

सन् २०२१ मा झापाको कुमरखोदमा एक सय जनाको परीक्षण गर्दा १३ प्रतिशतमा यो रोग देखा परेको थियो। भारतको विहार र उत्तर प्रदेशसहित छ जिल्ला हात्तीपाइले रोगको उच्च जोखिममा पर्छ। विहार र उत्तर प्रदेश देशको सीमा नाकासँग जोडिएकोले तराईका जिल्लाहरू अहिले पनि जोखिममा रहेको छ। 'त्यसैले यो रोगबाट बच्न र जोगिन औषधि सेवन गर्नुपर्ने हुन्छ' -उनले भने।

डब्लुएचओले पुनः सन् २०३० सम्म लक्ष्य दिए पनि सन् २०२६ भित्र देशभर अभियान सफल बनाइसक्नुपर्ने उनको भनाइ छ। झापाका नौ लाख जनतालाई एकै पटक औषधि खुवाउने कार्यक्रम रहेको स्वास्थ्य कार्यालय झापाले जनाएको छ।

यता भद्रपुर नगर प्रमुख गणेश पोखरेलले छैठौं पटकमा सक्नुपर्ने यो अभियान हाम्रै कारणले १२औं पटकसम्म पुगेको बताए। यस पटक यो अभियानलाई सफल बनाउन सबै जनप्रतिनिधि, शिक्षक, स्वास्थ्यकर्मी, स्वयम्सेविका, टोल विकास संस्थाहरू लाग्नुपर्ने उनको भनाइ छ।

'हात्तीपाइले रोगको औषधि सेवन नगर्नु भनेर जुन प्रकारको भय, त्रास र भ्रम फैलाइएको छ, नगरबासीको मनबाट ती कुरालाई हटाउनुपर्ने हुन्छ' -उनले भने। त्यसका लागि विद्यालयसहित टोल-टोलमा गएर नगरबासीलाई बुझाएर र सम्झाएर औषधि सेवन गर्न लगाउनुपर्ने उनको भनाइ छ। नगर स्वास्थ्य शाखा प्रमुख शान्तिराम भट्टराईको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन फोकल पर्सन मनोज भट्टराईले गरेका थिए।

नगर खेलकुद विकास समिति गठन

बिर्तामोड, फागुन १। बिर्तामोडमा नगर खेलकुद विकास समिति गठन गरिएको छ। नगर प्रमुख पवित्रा महतारा प्रसाईको अध्यक्षतामा बसेको कार्यपालिकाको बैठकले विकास गिरीको अध्यक्षतामा १५ सदस्यीय समिति गठन गरेको हो।

त्यस्तै समितिको उपाध्यक्षमा आइतमाया लिम्बू शेर्मा र सन्तोष गुरुङलाई मनोनित गरिएको छ। समितिको सदस्यमा राम प्रसाई, सुदिप खवास, माधव खरेल, सागर राई, बाघधन राई, रिन्दु हस्दा, बिशाल अग्रवाल, गणेश कटुवाल, रमेश उप्रेती, बिकी चौधरी र शारदा दाहाल रहेका छन्। त्यस्तै समितिको सदस्य सचिवमा बिशन लिम्बूलाई मनोनित गरिएको छ।

बिर्तामोड नगरपालिका खेलकुद विकास निर्देशिका अनुसार कार्यपालिका बोर्डले मनोनित गरेको व्यक्ति नगर खेलकुद विकास समितिको अध्यक्ष रहने तथा निर्देशिकामा समितिको उपाध्यक्ष र सदस्य सचिवमा नगर प्रमुखले तोकेको व्यक्ति रहने व्यवस्था छ।

अर्जुनधारा नगरको तीन वटा प्रस्ताव पेश

अर्जुनधारा, फागुन १। तीन वटा प्रस्ताव पेश गर्दै अर्जुनधारा नगरपालिकाको नगर सभाको १२औं नियमित अधिवेशन स्थगित भएको छ। नगर प्रमुख बलदेवसिंह गोम्देन तामाङको अध्यक्षतामा आयोजित सभामा पेश गरिएको प्रस्तावहरुमा गत आर्थिक वर्ष ०७८/०७९ को यथार्थ आय र व्ययको विवरण, चालू आर्थिक वर्ष ०७९/०८० को संशोधित आयव्ययको विवरण, स्वीकृत कार्यक्रमहरुको संशोधन सम्बन्धी प्रस्ताव, आर्थिक ऐन संशोधन गर्न बनेको विधेयक २०७९ र नगर कार्यपालिकाले छनौट गरेको साझेदारी योजना तथा पेभर्स सम्बन्धी योजना अनुमोदन सम्बन्धी प्रस्ताव रहेका छन्।

कार्यक्रममा उपप्रमुख खड्गमाया पराजुलीले गत आर्थिक वर्ष ०७८/०७९ को यथार्थ आयव्ययको विवरण, स्वीकृत कार्यक्रमहरुको संशोधन सम्बन्धी प्रस्ताव, कार्यपालिका सदस्य हरिशचन्द्र बाँस्तोलाले आर्थिक ऐन संशोधन गर्न बनेको विधेयक २०७९ र अर्का कार्यपालिका सदस्य भूपेन्द्र न्यौपानेले नगर कार्यपालिकाले छनौट गरेको साझेदारी योजना तथा पेभर्स सम्बन्धी योजना अनुमोदन सम्बन्धी प्रस्ताव पेश गरेका थिए।

उक्त अधिवेशनको अर्को बैठक यही फागुन ३ गते बुधबार दिँउसो १२ बजे बोलाइएको प्रमुख तामाङले जानकारी दिए।

तीन करोड लगानीको कम्पोष्ट प्लान्ट उपयोगविहीन

खोटाङ, फागुन १। दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाले करिब रु. तीन करोड लागतमा निर्माण गरेको 'दिक्तेल कम्पोष्ट प्लान्ट तथा नमूना कृषि स्रोत केन्द्र' उपयोगविहीन भएको छ।

कम्पोष्ट प्लान्टबाट उत्पादित प्राङ्गारिक मलको उत्पादकत्वप्रति किसानको विश्वास नहुँदा र बजार मूल्य पनि बढी भएका कारण केन्द्र उपयोगविहीन भएको हो। नगर प्रमुख दीपनारायण रिजालको कार्यकालमा प्रदेश सरकार, १ नं. प्रदेशका तत्कालीन मुख्यमन्त्री शेरधन राईले वि.सं. २०७७ चैत २१ गते केन्द्रको शुभारम्भ गरेका थिए। केन्द्रबाट हालसम्म प्रतिवटा १५ केजीको चार सय ३५ बोरा मल मात्र उत्पादन गरिएको छ। जबकी, कम्पोष्ट प्लान्टबाट प्रति घण्टा एक हजार केजी प्राङ्गारिक मल उत्पादन गर्ने लक्ष्य राखिएको थियो।

अर्थ मन्त्रालयको विशेष अनुदान एवम् प्रदेश सरकारको रु. दुई करोड ७० लाख लागतमा निर्माण गरिएको प्लान्टबाट उत्पादित प्राङ्गारिक मलको मूल्य प्रतिबोरा रु. पाँच सय निर्धारण गरिएको छ। हालसम्म उत्पादन भएका मलमध्ये करिब ४० बोरा मात्र बिक्री भएको जनाइएको छ। स्थापनाकालमा उत्पादित एक सय ५० बोरा प्राङ्गारिक मल नगरपालिकाको दिक्तेलस्थित सपिङ कम्प्लेक्समै थन्काइएको छ। १५ वडा रहेको दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकालाई अर्गानिक नगर बनाउने अभियान अनुसार उत्पादन गरिएका अन्य मल अनुदानमा किसानलाई वितरण गरिएको जनाइएको छ।

कम्पोष्ट प्लान्टबाट उत्पादित मल गोठको भन्दा कैयौं गुणा मलिलो भए पनि महत्व बुझाउन नसक्दा किसानले बेवास्ता गरेको दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-२ सोल्माका अगुवा कृषक गङ्गाबहादुर विश्वकर्माले बताए।

उद्घाटन अघि र केही समयपछिसम्म सामान्य मात्रामा प्राङ्गारिक मल उत्पादन हुँदै आएको प्लान्टमा करिब दुई वर्षदेखि उत्पादन ठप्प छ। नगरपालिकाले उचित व्यवस्थापन गर्न नसक्दा कम्पोष्ट तथा बायोग्यास प्लान्टबाट नियमित प्राङ्गारिक मल उत्पादन नभएको स्थानीय बासिन्दाको आरोप छ।

कम्पोष्ट प्लान्टबाट उत्पादित प्राङ्गारिक मललाई किसानले आफ्नो गोठको मलसरह ठानेकाले नियमित उत्पादन गर्न नसकिएको नगरपालिकाका कृषि शाखाका कृषि प्रसार अधिकृत तेजप्रकाश जैसीले बताए। संघीय सरकारको विशेष अनुदान स्वरुप प्राप्त भएको रु. तीन करोड ३२ लाखमध्ये कम्पोष्ट प्लान्ट र बायोग्यास प्लान्ट निर्माणमा रु. एक करोड ८५ लाख खर्च भएको नगरपालिकाका सूचना अधिकारी मोहन भट्टराईले जानकारी दिए। अन्य रकम दुई वटा ट्याक्टर खरिद, दिक्तेल बजारमा 'डस्बिन' राख्न तथा वडा नं. ५ लफ्याङस्थित डम्पिङसाईट पुग्ने सडक मर्मतमा खर्च गरिएको जनाइएको छ।

त्यस्तै, कम्पोष्ट प्लान्ट र बायोग्यास प्लान्टको काममा प्रदेश सरकारको सशर्त अनुदान रु. ५० लाख र नगरपालिकाको आन्तरिक स्रोतबाट रु. ३५ लाख खर्च भएको जनाइएको छ। राज्यकोषको यति धेरै रकम खर्च भएको कम्पोष्ट मल तथा बायोग्यास उद्योग उपयोगविहीन भएपछि किसान समस्यामा परेका छन्।

कम्पोष्ट प्लान्ट र बायोग्यास प्लान्टसँगै अघिल्लो कार्यकालमा नगरभित्र निर्माण गरिएका दर्जनभन्दा बढी भौतिक संरचना उपयोगविहीन भेटिएको नगर उपप्रमुख एवम् न्यायिक समितिका संयोजक विशन राईले बताए।

यू-१८ वडास्तरीय फुटबलको उपाधि अर्जुनधारा-६ लाई

अर्जुनधारा, फागुन १। शनिश्चरे फुटबल क्लबको आयोजनामा अर्जुनधारामा जारी प्रथम यू-१८ वडास्तरीय फुटबल प्रतियोगिताको उपाधि अर्जुनधारा-६ ले जितेको छ।

अर्जुनधारा-७ स्थित अर्जुनधारा खेलमैदानमा सम्पन्न फाइनल खेलमा अर्जुनधारा-१ लाई ३-४ गोल अन्तरले पराजित गर्दै अर्जुनधारा-६ ले उपाधि जितेको हो। अर्जुनधारा-६ को जितको लागि खेलको १०औं मिनेट, ३३औं मिनेट, ५२औं मिनेट र ५८औं मिनेटमा क्रमशः सुजन गौतम, ईश्वर मेचे, रोहन मेचे र उपेन राईले गोल गरेका थिए। त्यसैगरी पराजित टिम अर्जुनधारा-१ का लागि खेलको ३९औं मिनेट र थप समयमा सविन योङहाङले दुई गोल गरेका थिए। थप एक गोल खेलको ४७औं मिनेटमा सुनिल लोहारले गरेका थिए।

प्रतियोगिताको उत्कृष्ट खेलाडी प्रविन विश्वकर्मा (अर्जुनधारा-१), बेस्ट गोलकिपर अनिल दनुवार (अर्जुनधारा-६), बेस्ट डिफेन्स सुनिल लोहार (अर्जुनधारा-१), बेस्ट मिडफिल्डर सुजन गौतम (अर्जुनधारा-६) बेस्ट फरवार्ड गणेश गजमेर (अर्जुनधारा-१), फेयर प्ले टिम अर्जुनधारा-३ र फाइनल खेलको म्यान अफ दी म्याच सविन योङहाङ (अर्जुनधारा-१) भएका थिए।

त्यसैगरी प्रतियोगिताको विजेता र उपविजेता हुने टिमले नगद पुरस्कार ३० हजार र २० हजारसहित शिल्ड, मेडल र प्रमाण पत्र प्राप्त गरेका थिए। प्रतियोगिता आयोजक समितिका संयोजक सुरेन राईको अध्यक्षतामा आयोजित कार्यक्रममा विजेता तथा उपविजेता हुने खेलाडीहरुलाई प्रमुख अतिथि अर्जुनधारा नगरपालिकाका प्रमुख बलदेवसिंह गोम्देन तामाङ, झापा जिल्ला फुटबल संघका अध्यक्ष भगिरथ आले 'मामा', लक्ष्मी माध्यमिक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष वीरबहादुर राई, शनिश्चरे प्रहरी चौकीका इन्चार्ज वरिष्ठ सई कुमार ढकाल लगायतले पुरस्कारहरु वितरण गरेका थिए।

सोही कार्यक्रममा पूर्व फुटबल खेलाडीहरु गौरीशंकर श्रेष्ठ, टीका पोखरेल, दीपेन्द्र ढकाल, प्रशन्न श्रेष्ठ, भरत बुढाथोकी, रोहीत श्रेष्ठ र लोकबहादुर मगरलाई सम्मानपत्रसहित सम्मानित गरिएको थियो। अर्जुनधारा-११ स्थित एभरग्रीन इङ्लिस बोर्डिङ स्कूलका विद्यार्थीहरुले स्वागत नृत्य प्रस्तुत गरेको उक्त कार्यक्रमको सञ्चालन सञ्चारकर्मी दीपक ढुंगानाले गरेका थिए।

रेडस्टार माविको २७औं वार्षिकोत्सव

पथरीशनिश्चरे, फागुन १। मोरङ्गको पथरीशनिश्चरे-२ मा रहेको रेडस्टार आवासीय माध्यमिक विद्यालयले आफ्नो २७औं वार्षिकोत्सव मनाएको छ।

पथरीशनिश्चरे नगर पालिकाका खेलकुद तथा शिक्षा विभागका प्रमुख शालिग्राम काफ्लेको प्रमुख आतिथ्य तथा विद्यालयको प्रबन्ध निर्देशक तथा प्रिन्सिपल टि.एन. तिम्सिनाको अध्यक्षतामा सम्पन्न भएको हो।

प्रमुख अतिथि काफ्लेले नगरभित्रका सामुदायिक विद्यालयहरूभन्दा संस्थागत रूपमा अब्वल दर्जाको हैसियत पुऱ्याएको चर्चा गर्दै रेडस्टार अंग्रेजी माविको अध्यपनका साथै अतिरिक्त क्रियाकलापमा पनि अब्वल रहेको बताए। उनले आफ्नो शिक्षण सिकाई क्रियाकलापलाई अझ निरन्तरता दिन अनुरोध गरेका छन्।

कार्यक्रममा प्याप्सन मोरङ्गका सल्लाहकार तथा न्यू प्यागोडा आवासीय माध्यमिक विद्यालयका संस्थापक टीका दुलाल, किरात एकेडेमीका संस्थापक प्रिन्सिपल पुकार राई, नगरका स्वास्थ्य शाखा संयोजक मुरारी आचार्यसहित अतिथिहरूले यस वर्षको उत्कृष्ट शिक्षकको रुपमा दिलसरी राई र कर्मचारी गोविन्दप्रसाद लुईंटेल सम्मानित भएका थिए। शैक्षिक सत्र २०७८ को कक्षागत नतिजामा उत्तीर्ण प्रथम, द्वितीय र तृतीय स्थान हासिल गर्ने छात्रछात्राहरुलाई ट्रफी र प्रमाणपत्र प्रदान गरिएको थियो।

कार्यक्रममा शिक्षक र विद्यार्थीहरुले नाट्यकर्मी जीवन बरालद्वारा निर्देशित 'कालु र बाघ' नाटक, विभिन्न तह र उमेरका विद्यार्थीहरूले गीत तथा नृत्यहरू लगायतको सांस्कृतिक कार्यक्रम प्रस्तुत गरेका थिए। कार्यक्रममा लामो समयसम्म शिक्षण पेशामा संलग्न सकुन देवानलाई पनि विदाइ गरिएको थियो।

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।
झापा सेफ्टी ट्यांकी तथा ढल सफाई
बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५

दमक सम्पर्क:
देवी सिटौला
९८२४९७९१८५,
९८४२७६०२६५,
९८४२३३२४३०
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।

हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार
पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।
जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।
स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)

नेपालीहरुको लागि भरपर्दो सेवा
निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर
Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले Royal Enfield को पार्ट्सहरु विशेष छुटमा बिक्री गरिँदैछ।

यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पार्ट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ।
निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर
पानीटंकीको पहिलो गल्ली दायाँ साइड सम्पर्क : निशान्त- ८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)
नोटः यहाँबाट निःशुल्क ज्योतिष सेवा उपलब्ध गराइन्छ।
Youtube Channel : Nishat M jotic kendra

ताप्लेजुङ-पाथीभरा सफल यात्रा
बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बु, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस्।

ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२, ९८०१३६४०९३

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा
(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ।)

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ।
भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।

इ-साइकल र स्कुटी
ब्याट्रीबाट चल्ने स्कुटी र साइकल

विशेष छुटमा Rs. 65,000/-
विशेष छुटमा Rs. 1,50,000/-
जिटेक तराजु & ई-साइकल पसल
पुरानो भद्रपुर रोड, बिर्तामोड
९८१५३५०५३, ९८०२७४२४५६

कर्मचारी आवश्यकता
यस कम्पनीलाई निम्न अनुसारका कर्मचारी आवश्यकता भएकोले इच्छुकले तु-सम्पर्क गर्नुहोला।
पदः P.R.O- ६ जना
(समय ११देखि ५ बजेसम्म)
योग्यता: +२ वा सो सरह
तलबः १५१०० सम्म
नोटः जीवन बीमा र बोनसको व्यवस्था छ।
सम्पर्कः G.F.M. को कार्यालय भद्रपुर बस स्टेण्ड (NMC सहकारी छेउ)
Mob: 9814397340, 9842447160

डा. विकाश जैशी, MD, DM
वरिष्ठ विशेषज्ञ : कलेजो (लिभर), पेट, ग्यास्ट्रिक, अल्सर, जण्डिस, हेपटाइटिस रोग
समय : प्रत्येक महिनाको अन्तिम आइतबार काठमाडौंबाट
डा. दिपायन पाण्डे, MD
विशेषज्ञ : छाला, यौन, सौन्दर्य, कुष्ठरोग
समय : प्रत्येक बिहीबार
डा. आलोक झा,, MD
विशेषज्ञः मानसिक, नशा रोग (बाल तथा किशोर मनोचिकित्सक)
समय : प्रत्येक महिनाको पहिलो शनिबार
डा. केशव कु. मण्डल, MD
विशेषज्ञ : नवजात शिशु तथा बाल रोग
समय : दैनिक सेवा
स्वास्थ्य सेवामा डिजिटल
जिवनरक्षा पोलिक्लिनिक एण्ड डाइगोनोष्टिक सेन्टर प्रा. लि.
बिर्तामोड-४, भद्रपुररोड, झापा (यामाहा शोरुम अगाडि)
जानकारीका लागि सम्पर्क
023-531242/023-591566
प्याजोलोजी ल्याब/भिडियो एक्स-रे/फिजियोथेरापी/विशेषज्ञ ओ.पि.डि. हेल्ड प्याकेज/डेन्टल/डिजिटल एक्स-रे
सम्पर्क : 9817094601
डा. प्रेम ब. शाही MS, FISS
प्रमुख विशेषज्ञ : हाडजोर्नी, नशा तथा मेरुदण्ड सर्जन
समय : दैनिक सेवा
डा. हरिशंकर प्र. यादव MD, FIEM
विशेषज्ञ : मधुमेह, थाइराइड, हर्मोन रोग
समय : प्रत्येक शनिबार
डा. धिरज ताम्राकार MD
विशेषज्ञ : आन्तरिक मेडिसिन तथा फिजिसियन
समय : दैनिक सेवा
डा. धिरज गिरी, MS
विशेषज्ञ : नाक, काम, घाँटी, टाउको रोग
समय : दैनिक सेवा

बिर्तामोड नगरपालिकाको आह्वान, हात्तीपाइले रोग मुक्त नगर हाम्रो अभियान
हात्तीपाइले रोग विरूद्धको औषधी खुवाउने बारे बिर्तामोड नगरपालिकाको अत्यन्त जरूरी सूचना
यस बिर्तामोड नगरपालिका अन्तर्गतका १० वटै वडाहरूमा यही मिति २०७९ फागुन ११ गतेदेखि हात्तीपाइले रोग विरूद्धको औषधी तालिम प्राप्त स्वास्थ्यकर्मीहरूद्वारा खुवाइने व्यहोरा सम्पूर्ण नगरबासीहरूमा जानकारी गराइन्छ। यो अभियान २०७९ फागुन १७ गतेसम्म सञ्चालन हुने भएकोले उक्त औषधि आफूले सेवन गरी आफ्नो परिवारलाई समेत सेवन गराई जनस्वास्थ्य समस्याको रूपमा रहेको हात्तीपाइले रोगबाट हुने अपाङ्गताबाट बच्न तथा बचाउनु हुन सबैमा हार्दिक अनुरोध छ।
हात्तीपाइले रोगका लक्षणहरू
» ज्वरो आउने
» शरीरमा कम्पन हुने
» लिम्फनलीहरू सुन्निने र रातो भई दुख्ने
» हातखुट्टामा निला धर्साहरू देखिने।
» शरीरका विभिन्न भागमा गिर्खाहरू बढ्ने तथा पुरूषको अण्डकोष वरपर नसाहरू फुल्ने।
» पुरूषमा अण्डकोष ठूलो भई हाइड्रोशिल हुने।
» महिलामा यौनाङ्ग तथा स्तन सुनिने र दुख्ने।
» खुट्टाहरू सुन्निएर हात्तीपाइले हुने।
» पिसाब सेतो वा रातो आउने।
» लामो समयसम्म सुख्खा खोकी लागिरहने।
» दम बढ्ने तथा रगतमा इसिनोफिलिया बढ्ने आदि।
दुई वर्ष मुनिका बालबालिकाहरू, गर्भवती महिला तथा सात दिनभित्रका सुत्केरीहरू र ओच्छ्यान लागेका सिकिस्त बिरामीहरू बाहेक सबैले यस रोगबाट उत्पन्न हुने समस्याहरूबाट छुटकारा पाउन अनिवार्य रूपमा यो औषधि सेवन गर्न सकिने कुरा जानकारी गराइन्छ।
बिर्तामोड नगरपालिका
स्वास्थ्य शाखा
प्रदेश नं. १, झापा

ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -
आजको दिन समयले साथ दिएको छैन, नचिताएको ठाउँमा धन खर्च गर्नुपर्दा मन खिन्न भएर जानेछ, परिवारजन बिमुख हुनेछन्।

बृष (इ, उ, ए, ओ, ब ा, बि, बु, बे, बो) -
बोलिको प्रभावले आयआर्जनमा पछि परिएला, प्रियजनसँग भेट हुने समय रहेको छ, भैपरि आउने खर्चले चिन्ता बढाउन सक्छ।

मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -
समय सापेक्षित छ, जुनसुकै काम गरे पनि सिद्ध भएर जाने योग छ, साथीभाइले पूर्ण सहयोग गर्नेछन्, तपाईको आज मन प्रशन्न रहला।

कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -
विपरीत लिङ्गीसाथीबाट साथ र सहयोग प्राप्त हुनेछ, पराक्रममा वृद्धि हुनेछ, तपाईको समय उत्तमसिद्धी रहेको छ।

सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -
मिश्रित फलको समय छ, काममा उतारचढाव आउन सक्छ, खानपानमा ध्यान दिनुहोला, स्वास्थ्य त्यति राम्रो हुने छैन।

कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -
मन अशान्त रहन सक्छ, पारिवारिक कारणले मनमा चिन्ता बढ्नेछ, व्यर्थको यात्रा गर्नुपर्नेछ, खर्चिलो योग रहेको छ।

तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -
बुद्धिको उपयोगले विद्या तथा धन आर्जन गर्ने समय रहेको छ, आफ्नो विचारले धेरैलाई प्रभावित बनाउन सकिने छ, शुभ खबर सुन्न पाइने छ।

बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -
मनमा खटपटी पैदा हुनेछ, कार्यसिद्धीमा बाधा अड्चन आउने छ, घाटाको सामना गर्नुपर्ला, स्वास्थ्यमा विचार पुऱ्याउनुहोला।

धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -
मनमा सन्ताप बढेर जानेछ, क्रोधलाई नियन्त्रणमा राख्नुहोला, अधिक खर्च हुने समय छ, मावली पक्षबाट अशुभ समाचारको योग छ।

मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -
तपाईको लागि आजको दिन मिश्रित फलदायी रहेको छ, परिवारजनमा बेमेलको स्थिति रहला, धैर्य रहनुहोला।

कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -
समय शुभ फलदायि रहेको छ, मान प्रतिष्ठा बढेर जानेछ, लेनदेनमा विचार पुऱ्याउनुहोला, धार्मिक कार्यमा जानेछ।

मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -
समय अनुकूल रहेको छ, नयाँ कामको प्रश्ताव आउनेछ, बोलिको भरमा अधुरो कामहरू फत्ते भएर जानेछन्, मन प्रसन्न रहला।